आज मिति २०७६।०१।१४ गते धनगढी उपमहानगरपालिकाले नगर कार्यपालिकाको २९ औ आकस्मिक कार्यपालिका बैठक सम्पन्न गरेको छ । नगरप्रमुख ज्यूको छोटो सूचनाको आधारमा वसेको कार्यपालिका बैठकले निम्न विषय उपर छलफल गरी देहाय वमोजिम निर्णय गरेको छ ।

कार्यसूचिहरु :

(१) व्यवसायिक नगर फोहोरबाट वायोग्याँस प्लान्ट निर्माण, जडान गर्ने तथा तापिय उर्जा ( विद्युत) उत्पादन तथा परिक्षण गर्ने कार्य परियोजनाको लागि आवश्यक जग्गा उपलब्ध गराउने सम्बन्धमा ।

(२) क्षेत्रीय शहरी विकास (Regional Urban Development Project-RUDP )आयोजना अन्तर्गत निर्माण कालोपत्रे सडकहरुमा पर्ने संरचना स्वयम हटाइ सहयोग गर्ने घर धनीहरुलाइ सहयोग र सम्मान गर्ने सम्बन्धमा

निर्णयहरु :

कार्यसुचि १ का सम्बन्धमा उक्त परियोजना संचालन गर्न यस उपमहानगरपालिकाको एकलौटि हक भोग भएको साविक न.पा.को वडा नं.२ ख को कित्ता नं. ७२ को ज.वि १ - १३-१०-० पुरै जग्गा उक्त परियोजना संचालन गर्न आजका मिति देखि २० (बीस) वर्षका लागि भोगाधिकारमा दिने सर्वसम्मतिले निर्णय गरियो ।

कार्यसुचि २ का सम्बन्धमा क्षेत्रीय शहरी विकास (Regional Urban Development Project-RUDP )आयोजना अन्तर्गत निर्माण कालोपत्रे सडकहरुमा पर्ने संरचना स्वयम हटाइ सहयोग गर्ने घर धनीहरुलाइ सहयोग र सम्मान गर्ने निर्णय गरियो ।

नोट : निर्णयको पूर्ण पाठ यथासिघ्र प्रकाशित गरिनेछ ।

समाचार प्रयोजनका निमित्त

२०७६।०१।१४

आज्ञाले

सन्तोष मुडभरी

वडा अध्यक्ष तथा प्रवक्ता

धनगढी उपमहानगरपालिका

धनगढी, कैलाली

Scanned by CamScanner